# पर्सागढी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**हरपुर, पर्सा**
**प्रदेश नं.-२ नेपाल,**

पर्सागढी नगर कार्यपालिकाको कार्यालय हरपुर, पर्सा २ नं. प्रदेश, नेपाल

प.सं. :-०७८/०७९ मिति-२०७८/१०/१३ गते
च.नं. :-९०6

**श्री वडा अध्यक्ष ज्यू**
**वडा नं.१ देखि ९ सम्म सबै ,**

**विषयः बिवरण पठाईदिने बारे ।**

प्रस्तुत विषयमा नेपाल सरकार राष्ट्रिय भुमि आयोग को प.स.०७८/०७९ च.न.२४६ मिति-२०७८/१०/०९ गतेको पत्र प्राप्त भएको उक्त पत्र मार्फत **"भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको"** बिवरण माग गरिएको हुदाँ त्यस वडा अर्न्तगत रहेको संलग्न सुचि अनुसारको बिवरण भरि ३ दिन भित्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

- अनुसुचि-२ पाना संख्या-३
- राष्ट्रिय भुमि आयोग को प.स.०७८/०७९ च.न.२४६ को पत्र थान-१
- भुमि सम्बन्धि बारम्बार सोधिने प्रश्नहरु

..............
गिरी राज कडेल
(फोकल पर्सन)
स्थानीय तह भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण शाखाँ

**बोधार्थ**
१.श्री सूचना प्रविधि शाखा (वेबसाईडमा अपलोड) गरिदिनुहुन ।

नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग

पत्र संख्याः- ०७८/७९
चलानी नं.- २८६

ताहाचल, काठमाडौं
०१-५३१२९३६

मितिः २०७८/१०/०१

**विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु
सबै ।

प्रस्तुत विषयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सन्दर्भमा यस आयोगलाई "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८" को अनुसूची २ बमोजिमको स्थानीय तहको अनौपचारिक तथा अव्यवस्थित भू-सम्बन्धको वस्तुस्थिति र परिवेश आंकलन सम्बन्धी विवरण आवश्यक परेकाले सो उपलब्ध गराई दिनहुन अनुसूची- २ समेत यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

जनक राज भट्ट
(प्रमुख नापी अधिकृत)

अनुसूची २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**स्थानीय तहको अनौपचारिक तथा अव्यवस्थित भू-सम्बन्धको बस्तुस्थिति र परिवेश आंकलन**

(यो विवरण स्थानीय तह/वडा तहमा आयोगले कार्य शुरु गर्नु पूर्व भर्नु पर्नेछ)

| १.भूमि सम्बन्धी प्रमुख समस्याहरु | समस्याको प्रकृति | समस्या रहेको स्थान / वडा |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २ उल्लेखित समस्या समाधानका लागि वडा तहले गरेको प्रयासहरु | |
| ३ आ.व. २०७८/७९ मा वडामा उल्लेख बजेट | |

४ भूमिहीन तथा अव्यवस्थित बसोबासीको घर परिवार संख्या

| वडा नं. | जम्मा परिवार संख्या | भूमिहीन दलित परिवार संख्या | भूमिहीन सुकुम्वासी परिवार संख्या | अव्यवस्थित बसोवासी परिवार संख्या | जम्मा | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

५ नकारात्मक सूचिको (भूमि सम्बन्धी ऐनको दफा ५२ ख को उपदफा ४ बमोजिम) जग्गामा वसोवास गरेका भूमिहीनको लागि स्थानान्तरणको लागि उपयोग गर्न सकिने उपयोगविहीन रहेको सरकारी जग्गा (आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गा; पर्ती, नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा; साबिकको वन क्षेत्र जनिएको भएपनि आवादिमा परिणत भएको जग्गा)

| वडा | स्थान (एउटा वडामा एक भन्दा बढी हुन सक्ने) | अन्दाजी जम्मा जग्गा (विगाहा वा रोपनीमा) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

६ भूमि र कृषिको क्षेत्रमा कार्य गरिरहेका वा यस कार्यमा सहयोग लिन सकिने समूह, संगठन र संस्थाको विवरण :

| क्र.स. | नाम / थर | सम्पर्क व्यक्तिको फोन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

७ स्थानीय तह/वडा ले आफ्नो प्रयासमा यस अघि जग्गा नाप नक्सा शुरु गरिसकेको भए सो को अवस्था

नाप नक्सा भएको क्षेत्रफल :

नाप नक्सा भएको स्थान/ वडाको विवरण:

प्रयोग गरेको प्रविधि:

वर्तमान अवस्था :

८ विगतमा सरकारद्वारा गठित आयोग, कार्यदल वा समितिले भूमिहीन र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा अधुरा वा बाँकी छोडेका कामहरु वा कुनै समस्या भए सो को विवरण

- 
- 
- 
- 
- 

९ स्थानीय तह वडा स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको विवरण

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## क. कानुन/नियम र कार्यविधिसँग सम्बन्धित

१. **भूमिहीन सुकुमबासी कसलाई भनिन्छ ?**

नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्तिलाई भूमिहीन सुकुमबासी सम्झनुपर्छ । र, सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ ।

२. **अव्यवस्थित बसोबासी कसलाई भनिन्छ ?**

सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरेका वा घर टहरा बनाइ बसोबास गरेका, नम्बरी जमिन भएका वा जमिन नभए पनि आर्थिकरूपले सक्षम व्यक्तिलाई अव्यवस्थित बसोबासी सम्झनुपर्छ । र, सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ ।

३. **ऐलानी भनेको कस्तो जग्गा हो ?**

सरकारका नाममा दर्ता भए वा नभएको, सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरिआएको वा तत्कालीन समयमा आवाद कमोत गर्न दिएको जग्गालाई ऐलानी जग्गा सम्झनुपर्छ ।

४. **सरकारी जग्गा भन्नाले कस्तो जग्गालाई बुझाउदछ ?**

सरकारी जग्गा भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर,भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जंगल वा वन जंगलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिजपदार्थ, हिमाल, भिर पहरा, डगर, बगर, सार्वजनिक बगैंचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गा बाहेकको अन्य जग्गा सम्झनु पर्छ ।

५. **सार्वजनिक जग्गा भनेको कस्तो जग्गा हो ?**

सार्वजनिक प्रयोगका लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्येष्टिस्थल, चिहान, मसानघाट समाधिस्थल कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्वा, स्तूप, मस्जीद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रुपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक